## मिति २०८१ बैशाख ३ गते सोमबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको २१ औं बैठकका निर्णयहरु

<u>प्रस्ताव नं. १</u>:- विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा।

<u>निर्णय नं. १</u>:- विपद्‌बाट क्षतिग्रस्त वा जोखिममा रहेका निजी आवासलाई सुरक्षित तरिकाले प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाका लागि प्रदान गरिने अनुदानलाई व्यवस्थित गर्न तर्जुमा भएको **"विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१"** स्वीकृत गर्ने।

<u>प्रस्ताव नं. २</u>:- पश्चिम नेपालमा गएको जाजरकोट, बझाङ्ग र डोटी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको Preliminary Damage and Need Assessment (PDNA) प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

<u>निर्णय नं. २</u>:- माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्रीस्तरीय मिति २०८०/०८/१७ को निर्णयानुसार गठित कार्यदलले पेश गरे बमोजिम पश्चिम नेपालमा गएको जाजरकोट, बझाङ्ग र डोटी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको Preliminary Damage and Need Assessment (PDNA) प्रतिवेदन स्वीकृत गर्ने र कार्यान्वयन हुन सम्बन्धित निकायमा पठाउने।

<u>प्रस्ताव नं. ३</u>:- जाजरकोट, बझाङ्ग र डोटी भूकम्पको कारण क्षति भएका निजी आवास र सार्वजनिक भवन संरचनाहरुको प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाको योजना तर्जुमा गर्न विस्तृत क्षति आँकलन (Detailed Damage Assessment, DDA) को लागि अवधारणा पत्र स्वीकृत र बजेट व्यवस्थापन सम्बन्धमा।

<u>निर्णय नं. ३</u>:- जाजरकोट, बझाङ्ग र डोटी भूकम्पको कारण क्षति भएका निजी आवास र सार्वजनिक भवन र अन्य भौतिक संरचनाहरुको प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाको योजना तर्जुमा गर्न विस्तृत क्षति आँकलन गर्नुपर्ने भएकोले सो प्रयोजनको लागि आवश्यक जनशक्ति, बजेट र अन्य स्रोतसाधनको विवरण समेत समाबेश गरी तयार गरिएको भूकम्पबाट क्षति भएका निजी आवास र सार्वजनिक भवन संरचनाहरुको विस्तृत क्षति आँकलन सम्बन्धी अवधारणा पत्र माथि छलफल गरियो । प्रस्तावित अवधारणापत्र उपर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र खानेपानी मन्त्रालयको राय लिइ परिमार्जित अवधारणापत्रलाई आगामी बैठकमा पेश गर्ने ।

<u>प्रस्ताव नं. ४</u>:- मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१ तयारी सम्बन्धमा।

निर्णय नं. ४:- मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१ तर्जुमा गर्न देहाय अनुसारको कार्यदल गठन गर्ने र सो कार्यदलले १५ दिन भित्र कार्ययोजना तर्जुमा गरी आगामी कार्यकारी समितिमा पेश गर्ने ।

संयोजक- सहसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सदस्य- उपसचिव, गृह मन्त्रालय
सदस्य- उपसचिव, उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय
सदस्य- उपसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सदस्य- उपसचिव, सहरी विकास मन्त्रालय
सदस्य- उपसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सदस्य- उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सदस्य- उपसचिव, खानेपानी मन्त्रालय

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

सदस्य- नेपाली सेना, विपद् हेर्ने प्रतिनिधि
सदस्य-नेपाल प्रहरी, विपद् हेर्ने प्रतिनिधि
सदस्य- सशस्त्र प्रहरी बल नेपाल, विपद् हेर्ने प्रतिनिधि
सदस्य उपसचिव, सडक विभाग
सदस्य- उपसचिव, सिँचाई विभाग
सदस्य- उपसचिव, जल तथा मौसम विज्ञान विभाग
सदस्य- उपसचिव, खानी तथा भूगर्भ विभाग
सदस्य- नेपाल विद्युत प्राधिकरण (उपसचिव स्तरको प्रतिनिधि)
सदस्य- नेपाल दुरसञ्चार प्राधिकरण (उपसचिव स्तरको प्रतिनिधि)
सदस्य सचिव- उपसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
आवश्यकता अनुसार कार्यदलले अन्य सरोकारवाला निकायलाई आमन्त्रण गर्न सक्नेछ ।

प्रस्ताव नं. ५:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८१ सम्बन्धमा।

निर्णय नं. ५:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने संघ-संस्थाको कामलाई प्रभावकारी बनाउन एवं प्राप्त सहयोगलाई सरकारको प्राथमिकता अनुसार सरल, पारदर्शी, समन्वयात्मक तथा एकीकृत ढङ्गले परिचालन गर्न तर्जुमा भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८१ उपर छलफल गरियो । प्रस्तावित कार्यविधिमा सुरक्षा निकाय लगायतका अन्य सरोकारवालाको राय लिई परिमार्जन सहित आगामी बैठकमा पेश गर्ने ।

प्रस्ताव नं. ६:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना, २०८१ स्वीकृत सम्बन्धमा।

निर्णय नं .६:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संकटासन्न समूहहरु (एकल महिला, गर्भवती तथा सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सिमान्तकृत समूह र गरिबीको रेखामुनी भएका व्यक्तिहरु) को आवश्यकता र संवेदनशीलतालाई सम्बोधन गर्ने गरी तर्जुमा भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना, २०८१ मा थप छलफल तथा राय लिई स्वीकृतिको लागि आगामी बैठकमा पेश गर्ने ।

प्रस्ताव नं. ७:- स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१ सम्बन्धमा।

निर्णय नं. ७:- स्थानीय तहमा हाल अभ्यासमा रहेका विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी विभिन्न योजना एवम दस्तावेज समेतलाई एकिकरण गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु उत्थानशील योजनालाई स्थानीय तहको समग्र विकास प्रणालीमा मूलप्रवाहीकरण गर्न र स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयार गर्न मार्गनिर्देश गर्ने उद्देश्यले तयार गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१ मा थप छलफल तथा राय लिई स्वीकृत स्वीकृतिको लागि आगामी बैठकमा पेश गर्ने ।

प्रस्ताव नं. ८:- माथिल्लो अरुण जलविद्युत आयोजना र अरुण नदी वेसिनमा विपद् जोखिम न्यूनीकरण कार्ययोजना कार्यान्वयनका लागि राष्ट्रिय निर्देशक समिति (National Steering Committee -NSC), आयोजना अनुगमन इकाई (Project Monitoring Unit-PMU) र आयोजना कार्यान्वयन इकाई (Project Implementation Unit – PIU) गठन एवं TOR स्वीकृत सम्बन्धमा।

निर्णय नं .८:- माथिल्लो अरुण जलविद्युत आयोजना र अरुण नदी वेसिनमा विपद् जोखिम न्यूनीकरण कार्ययोजना कार्यान्वयनका लागि राष्ट्रिय निर्देशक समिति (National Steering Committee -NSC) र प्राधिकरणमा आयोजना कार्यान्वयन



अनिल पोखरेल
सदस्य सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

इकाई (Project Implementation Unit – PIU) गठन एवं कार्यजिम्मेवारी (Terms of Reference) देहाय बमोजिम हुनेगरी स्वीकृत गर्ने।

क) राष्ट्रिय निर्देशक समिति गठन (National Steering Committee -NSC) तथा कार्यजिम्मेवारी

| | |
|---|---|
| अध्यक्ष | सचिव, गृह मन्त्रालय |
| सदस्य | कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| सदस्य | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| सदस्य | सहसचिव, गृह मन्त्रालय, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा |
| सदस्य | सहसचिव, अर्थ मन्त्रालय |
| सदस्य | सहसचिव, राष्ट्रिय योजना आयोग |
| सदस्य | सहसचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय |
| सदस्य | सहसचिव, रक्षा मन्त्रालय |
| सदस्य | सहसचिव, परराष्ट्र मन्त्रालय |
| सदस्य | सहसचिव, वन तथा वातावरण मन्त्रालय |
| सदस्य | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| सदस्य | सहसचिव(प्राविधिक), आयोजना निर्देशक, आयोजना कार्यान्वयन इकाई, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| आमन्त्रित सदस्यहरु | निर्देशक समितिका अध्यक्षले सरकारी निकाय, दातृ निकाय, विकास साझेदार, आयोजना प्रमुख, नागरिक समाज, र गैरसरकारी संघ-संस्थाका प्रतिनिधिहरूलाई अन्य सदस्यका रूपमा समितिमा आमन्त्रण गर्न सक्नेछन्। |

## राष्ट्रिय निर्देशक समितिका कार्यहरू देहाय बमोजिम हुनेछन्

१) माथिल्लो अरुण जलविद्युत आयोजना र अरुण बेसिनको विपद् जोखिम व्यवस्थापन- कार्ययोजना निर्बाध रूपमा कार्यान्वयन गर्न रणनीतिक नीतिगत मार्गदर्शन प्रदान गर्ने,

२) माथिल्लो अरुण जलविद्युत आयोजनाका साथै अरुण उपत्यकाका अन्य आयोजनासँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूबीच सञ्चार सम्पर्क स्थापना, कायम र सुधार गर्ने,

३) सरकारी निकायहरू र सरकारका तीनवटै तहमा उच्च स्तरीय समन्वयका लागि सहजीकरण गर्ने,

४) चीनको स्वशासित क्षेत्र तिब्बतमा उत्पन्न हुन सक्ने जोखिम मुख्यगरी हिमताल बिस्फोटबाट हुने बाढी (Glacial Lake Outburst Flood) का सम्बन्धमा जनवादी गणतन्त्र चीन सरकारसँग Trans-boundary जोखिमहरूको सूचना प्राप्त गरी आवश्यक कार्यान्वयन गर्ने,

५) विभिन्न सरकारी निकायका प्राविधिक जनशक्तिलाई माथिल्लो अरुण तथा अरुण वेसिनको विपद् जोखिम व्यवस्थापन आयोजना कार्यान्वयन इकाईमा आवश्यकता अनुसार काजमा पठाउन सहजीकरण गर्ने,

६) आवधिक रूपमा आयोजनाको कार्यान्वयन स्थितिको अनुगमन तथा समीक्षा गर्ने र आयोजना चक्रको कुनै पनि चरणमा कुनै अस्पष्टता सिर्जना भएमा त्यसलाई स्पष्ट गर्न सहजीकरण गर्ने,

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

७) आयोजना कार्यान्वय इकाईबाट सम्पादन भएका काम कारवाहीको अनुमगन गर्न विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुखको नेतृत्वमा आवश्यकता अनुसार सरोकारवाला मन्त्रालयको प्राविधिक प्रतिनिधित्व रहने गरी अनुगमन उपसमिति गठन गर्न सकिने,

८) सबै प्रशासनिक तहमा समन्वय र सञ्चारसँग सम्बन्धित अन्य कार्यहरू गर्ने ।

**ख) आयोजना कार्यान्वयन इकाई (Project Implementation Unit – PIU) गठन तथा कार्यजिम्मेवारी**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा रहने गरी आयोजनाको कार्य प्रकृति समेतलाई मध्यनजर गरी अपर अरुण जलविद्युत आयोजना (UAHEP) र अरुण बेसिनका लागि विपद् जोखिम व्यवस्थापन कार्ययोजनाको तयारी र कार्यान्वयनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा देहाय बमोजिमको आयोजना कार्यान्वयन इकाई स्थापना गर्ने ।

| | | |
|---|---|---|
| आयोजना प्रमुख | सहसचिव (प्राविधिक) | समग्र कार्यको नेतृत्व |
| आयोजना उपनिर्देशक | सिनियर डिभिजनल हाइड्रोलोजिस्ट | विपद् जोखिम अध्ययन/ जोखिमको मात्रा /मनसुन जन्य विपद्को जोखिम अध्ययन, पूर्व सूचना प्रणाली विकास लगायतको कार्य सम्पादन गर्न/गराउन |
| आयोजना उपनिर्देशक | सिनियर डिभिजनल ईन्जिनियर | ईन्जिनियरिङ तथा खरिद व्यवस्थापन सम्वन्धि कार्य सम्पादन गर्न/गराउन |
| लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | आर्थिक प्रशासन सम्वन्धित कार्यको लागि |
| इन्जिनियर | ईन्जिनियरिङ्ग सिभिल जनरल | ईन्जिनियरिङ तथा खरिद व्यवस्थापन सम्वन्धि कार्य सम्पादन गर्न |
| अधिकृत | जियोलोजिष्ट | भौगर्भिक विपद् जोखिम अध्ययन, जोखिमको अवस्था लगायत सम्वन्धी कार्य गर्न |
| अधिकृत | हाइड्रोलोजिस्ट/मेटेरियोलोजिस्ट | जल तथा मौसमजन्य जोखिम अध्ययन, पूर्व चेतावनी प्रणालीको अध्ययन लगायत कार्यहरु सम्पादन गर्न |
| शाखा अधिकृत | प्रशासन | प्रशासनिक लगायत कार्यहरु सम्पादन गर्न |

आयोजना कार्यान्वयन इकाईका कार्यजिम्मेवारीहरू

१) अपर अरुण जलविद्युत आयोजना र अरुण बेसिनको विपद् जोखिम व्यवस्थापन- कार्ययोजना कार्यान्वयनको नेतृत्व गर्ने,

२) नेपाल सरकारका सम्बन्धित निकाय र विभागहरूबीच आयोजना कार्यान्वयन र रिपोर्टिङ (प्रतिवेदन कार्य) को समन्वय गर्ने। आयोजना कार्यान्वयन इकाईले विश्व बैंक र सम्बन्धित सरकारी निकायहरूबीच आधिकारिक इन्टरफेस (मिलन बिन्दु) को रूपमा समेत काम गर्नेछ,

३) विपद् जोखिम व्यवस्थापन- कार्ययोजना कार्यान्वयनको पर्यवेक्षण, अनुगमन र आवधिक रूपमा निर्देशक समितिलाई प्रतिवेदन गर्ने,

४) अरुण बेसिनको विपद् जोखिम व्यवस्थापन- कार्ययोजनालाई अन्तिम रूप दिने,

५) आयोजना सञ्चालन निर्देशिका (Project Operational Manual-POM) तयार गर्ने,

६) विपद् जोखिम व्यवस्थापन- कार्ययोजना र यससँग सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयनका लागि खरिद योजना तयार गर्ने,



अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

७) विपद् जोखिम व्यवस्थापन- कार्ययोजना कार्यान्वयनका लागि खरिद समिति गठन र खरिद सम्बन्धी सबै क्रियाकलाप सञ्चालन गर्ने,

८) जोखिम आँकलन विश्लेषण गर्ने,

९) विपद् जोखिम व्यवस्थापन- कार्ययोजना कार्यान्वयनका लागि प्राविधिक विशेषज्ञ र परामर्शदाता संस्था नियुक्त गर्ने,

१०) प्राविधिक निणर्यहरूका विषयमा तेस्रो पक्षबाट प्रमाणीकरण गर्न विशेषज्ञहरूको समूह नियुक्त गर्ने,

११) केन्द्रीय डाटाबेसको विकास र सञ्चालन गर्ने,

१२) संखुवासभामा आपतकालीन र पूर्वसूचना कमाण्ड केन्द्र स्थापना तथा सञ्चालन गर्ने,

१३) आपतकालीन पूर्वतयारी योजना बनाउने,

१४) विपद्‌बाट हुन सक्ने संरचनात्मक जोखिम न्यूनीकरणका उपायहरूको डिजाइन र कार्यान्वयन गर्ने,

१५) सरकारका सबै तहमा सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी र सहभागी भई काम गर्ने,

१६) सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गर्ने,

१७) अनुगमन केन्द्रहरू (स्टेशन) को स्थापना र पूर्वसूचना प्रणाली विकास गर्ने,

१८) जलविद्युत उत्पादकहरू र आपतकालीन तथा पूर्वसूचना कमाण्ड सेन्टर र यसबाट उपलब्ध सेवाका अन्य लाभग्राहीहरूबीच उपयुक्त लागत साझेदारी संयन्त्र विकास गर्ने,

१९) सरकारका सबै तहका सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,

२०) आयोजना अनुगमन इकाईको निर्देशन कार्यान्वयन गर्ने ।

**प्रस्ताव नं. ९:-** EU को सहयोगमा UNDP द्वारा संचालित Strengthening Urban Preparedness, Earthquake Preparedness and Response (SUPER) कार्यक्रमको कार्यक्रम व्यवस्थापन बोर्ड गठन एवं कार्यजिम्मेवारी (TOR) सम्बन्धमा।

निर्णय नं. ९:- European Union (EU) को सहयोगमा UNDP द्वारा संचालित Strengthening Urban Preparedness, Earthquake Preparedness and Response (SUPER) कार्यक्रमको कार्यक्रम व्यवस्थापन बोर्ड गठन गर्ने एवं कार्यजिम्मेवारी तपशीलमा उल्लेख भएबमोजिम हुने ।

क) कार्यक्रम व्यवस्थापन वोर्ड

१) कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण -सह-अध्यक्ष

२) Resident Representative/Designated Representative - सह-अध्यक्ष

३) सहसचिव, गृह मन्त्रालय - सदस्य

४) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

५) सहसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण - सदस्य

६) सहसचिव, राष्ट्रिय योजना आयोग - सदस्य

७) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

८) सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

९) सहसचिव, सहरी विकास मन्त्रालय - सदस्य

१०) उपसचिव, प्रादेशिक आन्तरिक मामिला तथा कानून मन्त्रालयहरु (कार्यक्रम सञ्चालनमा रहेका प्रदेशहरु) - सदस्य

११) उपसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण - सदस्य-सचिव

साथै वोर्डमा आवश्यकता अनुसार कार्यक्रम सञ्चालन भईरहेका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई आमन्त्रण गर्न सकिनेछ ।



अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

ख) कार्यक्रम व्यवस्थापन बोर्डको कार्यजिम्मेवारी

१) परियोजनाको बार्षिक र चौमासिक तथा आवश्यकता अनुसार चौमासिक संसोधन समेत स्वीकृत गर्ने,

२) SUPER परियोजना निर्बाध रुपमा कार्यान्वयन गर्न मार्गदर्शन प्रदान गर्ने,

३) SUPER परियोजना कार्यान्वयनको क्रममा सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुबीच सञ्चार सम्पर्क स्थापना, कायम र सुधार गर्ने,

४) सरकारी निकायहरुमा समन्वयका लागि सहजीकरण गर्ने,

५) आवधिक रुपमा आयोजनाको कार्यान्वयन स्थतितिको समीक्षा गर्ने र कार्यान्वयनका रणनीतिहरु अध्यावधिक गर्ने गर्न तथा कार्यान्वयनमा सहजीकरण गर्ने,

६) सबै प्रशासनिक तहमा समन्वय र सञ्चारसँग सम्बन्धित अन्य कार्यहरु गर्ने,

७) निर्धारित समयसीमा भित्र परियोजनाको लक्ष्य तथा उद्धेश्य प्राप्तिको सुनिश्चितता गर्ने,

८) परियोजनाको खर्च, क्रियाकलापहरु र नतिजाको बीचमा सन्तुलन मिलाउने तथा आवश्यकता अनुसार सुधार ल्याउने।

प्रस्ताव नं. १०:- मन्त्रालयको निर्णय बमोजिम विभिन्न समयमा विपद् एवं आपत्कालीन खोज, उद्धार एवं राहत वितरण लगायतका कार्यमा प्रयोग भएको नेपाली सेनाको हेलिकोप्टर भाडा सम्बन्धमा ।

निर्णय नं. १०:- गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको प्राप्त पत्रानुसार विभिन्न मितिमा आपत्कालीन उद्धार प्रयोजनको लागि हेलिकोप्टर उपलब्ध गराईदिन रक्षा मन्त्रालयमा पत्राचार गरे बमोजिमको उडान वापतको हवाई भाडा देहाय बमोजिम रु. ३,०८,०८,५३४।४६ (तीन करोड आठ लाख आठ हजार पाँचसय चौंतीस रूपैया छयालिस पैसा मात्र) रकम विपद् व्यवस्थापन कोषबाट नेपाली सैनिक विमान चार्टर उडान विकास समितिलाई भुक्तानी गर्ने ।

तपसिल

| सि.नं. | उडान तथा उद्धार गरेको स्थान | उद्देश्य/प्रयोजन | उडान गरेको मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुर्खेत-काठ-सुर्खेत | घाइते उद्धार (२ जना) | २०७९।११।१३ | ९२०७७३।७५ | गृह मन्त्रालयको ,च नं.२२०५ मिति २०८०।०३।२१ पत्रानुसार। |
| | काठ सुर्खेत | घाइते उद्धार | २०७९।१२।२० | ४७२२५२।५० | |
| | सुर्खेत-जुम्ला-काठ-सुर्खेत | घाइते उद्धार (१ जना) | २०७९।११।१४ | १२१११५३।७५ | |
| | काठ-ओखलढुंगा-काठ | घाइते उद्धार | २०७९।११।२१ | ५६८५४१।३३ | |
| | काठ-सिन्धुली-काठ | घाइते उद्धार (६ जना) | २०७९।११।२८ | ३५५७५०।८३ | |
| | सुर्खेत-दिपायल-डोटी-नेपालगंज-सुर्खेत | घाइते उद्धार (३ जना) | २०७९।११।३० | ३६१३२५।०० | |
| | सुर्खेत-दैलेख-काठ | घाइते उद्धार (२ जना) | २०७९।१२।२० | ४७६९२७।५० | |



अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

| | | | | | |
|---|---|---|---|---|---|
| | सुर्खेत-दिपायल-सुर्खेत | घाइते उद्धार (२ जना) | २०८०।०१।१३ | ३२७२८२।५० | |
| | | | | जम्मा ४६,९४,००७.१६ | |
| २ | इटहरी-फुङ्लिग-सिदिङ्वा-झापा-इटहरी | राहत सामग्री तथा शव ढुवानी (शव २ वटा) | २०८०।०३।०५ | ६,१३,६४७।५० | गृह मन्त्रालयको ,च नं.६७६ मिति २०८० ।०७।०१ गतेको पत्रानुसार। |
| | इटहरी सिदिङ्वा पाँचथर | घाइते उद्धार (२ जना) | २०८०।०३।०३ | ६,७२,६८६।२५ | |
| | सुर्खेत रास्कोट कालिकोट सुर्खेत | दुर्घटना घाइते (१ जना) | २०८०।०२।२५ | १,९७,६५६।२५ | |
| | सुर्खेत रूकुम पश्चिम नेपालगञ्ज सुर्खेत | घाइते उद्धार (७ देखि ८ जना) | २०८०।०२।११ | ३,२२,७३७।५० | |
| | सुर्खेत दार्चुला नेपालगञ्ज सुर्खेत | घाइते उद्धार (२ जना) | २०८०।०२।१० | ४,६६,७८७।५० | |
| | सुर्खेत दार्चुला नेपालगञ्ज सुर्खेत | घाइते उद्धार (३ जना) | २०८०।०२।०१ | ८,०१६५६।२५ | |
| | काठ. गोरखा काठ. | घाइते उद्धार (३ जना) | २०८०।०१।१९ | २१५५२५।०० | |
| | काठ नेपालगञ्ज बाँके काठ | घाइते उद्धार (४ जना) | २०८०।०१।२८ | ९१२०९८।०० | |
| | सुर्खेत नेपालगञ्ज बाँके | घाइते उद्धार (११ जना) | २०८०।०१।२७ | ५३८२६२।५० | |
| | | | | जम्मा ४७,४१,०५६।७५ | |
| ३ | सुर्खेत कालिकोट सुर्खेत | सामग्री ढुवानी | २०७९।०७।०३ | १०४९६२१।२४ | ने, सै वि चा उ वि स को च नं.२५ मिति २०७९।९।१३ गतेको पत्रानुसार। |
| | सुर्खेत कालिकोट सुर्खेत | घाइते उद्धार | २०७९।०७।१२ | २०४९७१।२५ | |
| | | | | जम्मा १२,५४,५९२।५० | |
| ४ | धनगढी-नेपालगंज-काठमाण्डौं | मृतक प्रहरीको शव काठमाण्डौं ल्याउन | २०७९।०८।०१ | ९४५९५८।८३ | गृह मन्त्रालयको ,च नं.११२३ मिति २०८०।०९।२४ गतेको पत्रानुसार। |
| | सुर्खेत-बाजुरा-सुर्खेत | घाइते उद्धार २ जना | २०७९।०८।०४ | १४९३७०।०० | |



अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

| | | | | | |
|---|---|---|---|---|---|
| | सुर्खेत-बैतडी-कोहलपुर-बाँके-सुर्खेत | घाइते उद्धार ९ जना | २०७९।०८।०५ | ८९४०२०।०० | |
| | नेपालगंज-अछाम-सुर्खेत (२ सटल) | घाइते उद्धार ५ जना | २०७९।०८।०५ | ५७६७४६।२५ | |
| | काठमाण्डौं-नेपालगंज-काठमाण्डौं | घाइते उद्धार २ जना | २०७९।०८।०६ | ८९३०५२।६७ | |
| | सुर्खेत-दार्चुला-नेपालगंज-सुर्खेत | घाइते उद्धार २ जना | २०७९।०९।११ | ५१४४९५।०० | |
| | | जम्मा | | ३९,७३,६४२।७५ | |
| ५ | सुर्खेत दैलेख अछाम सुर्खेत | शव पुर्याउन | २०८०।०९।१६ | ४३८३६२।५० | गृह मन्त्रालयको ,च नं १२७३ मिति २०८०।१०।१८ को पत्रानुसार। |
| | काठमाण्डौं सुर्खेत काठमाण्डौं | शव पुर्याउन | २०८०।०९।१६ | ९०५२०६।५० | |
| | काठमाण्डौं विराटनगर काठमाण्डौ | घाइते उद्धार ६ जना | २०८०।०८।२० | ६५८९३२।०० | |
| | | जम्मा | | २०,०२,५०१।- | |
| ६ | सुर्खेत जाजरकोट सुर्खेत | घाइते उद्धार २ जना | २०८०।७।१९ | १६४२७३।७६ | गृह मन्त्रालयको ,च नं १६५३ मिति २०८०।१२।१४ को पत्रानुसार। |
| | काठ-जाजरकोट-काठ-सुर्खेत-जाजरकोट-सुर्खेत सुर्खेत-रूकुम पश्चित-सुर्खेत | घाइते उद्धार | २०८०।७।१८ | २१३५५२०।०० | |
| | काठ-ताप्लेजुङ्ग-पाँचथर-काठ | राहत सामग्री ढुवानी | २०८०।३।८ | २९६२०३९।०० | |
| | काठ-जाजरकोट-काठ-सुर्खेत-जाजरकोट-सुर्खेत-सुर्खेत-रूकुम-पश्चिम सुर्खेत | घाइते उद्धार | २०८०।७।१८ | ३१३६६१३।७५ | |
| | | जम्मा | | ८३,९८,४४६।५१ | |
| ७ | सर्खेत-कालिकोट-सुर्खेत | घाइते उद्धार ५ जना | २०७९।४।१२ | २,३६,७९५।४१ | गृह मन्त्रालयको , चनं.१६५४ मिति |



अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

| | | | | | |
|---|---|---|---|---|---|
| | सुर्खेत-मुगु-नेपालगञ्ज | घाइते उद्धार ४ जना | २०८०।४।३० | ४,९१,७२१।२४ | २०८०।१२।१५ गतेको पत्रानुसार। |
| | काठ-मुस्ताङ्ग-काठ | राहत सामग्री ढुवानी | २०८०।५।१९ | २४,७२,१५१।२५ | |
| | काठ-झापा-काठ | घाइते उद्धार (२२ जना) | २०८०।७।२८ | २२,२४,९०७।०५ | |
| | काठ गोर्खा काठ | घाइत उद्धार | २०८०।६।९ | ३१८७११।६७ | |
| जम्मा | | | | ५७,४४,२८६।६२ | |
| | | | कुल जम्मा | ३,०८,०८,५३४।४६ | |

प्रस्ताव नं. ११:- जाजरकोट भूकम्पबाट घाइतेको उपचार खर्च र ढुवानी खर्च सम्बन्धमा।

निर्णय नं. ११:-

क. जिल्ला प्रशासन कार्यालय, बाँकेको च.न. ४२४३ मिति २०८०।०९।०९ गतेको पत्रबाट जाजरकोट भूकम्पमा घाइते भएका व्यक्तिहरुको भेरी अस्पताल, नेपालगञ्जमा उपचार गर्दा लागेको रकम रु. १७,७५,१५१।०० (सत्र लाख पचहत्तर हजार एक सय एकाउन्न रूपैंया मात्र) भुक्तानीका लागी जिल्ला विपद् व्यवस्थापन कोष बाँकेमा निकासा गर्ने।

ख. गृह मन्त्रालयको मिति २०८०।९।२२ च नं १०६ को पत्रबाट जाजरकोट भूकम्पमा घाइते भएका विरामीहरुको उपचार त्रि वि शिक्षण अस्पताल महाराजगंजमा भएको हुँदा घाइतेहरुको उपचार औषधिकोलागि जम्मा ५ लाख ३७ हजार १ सय २२ रुपैया ०४ पैसा खर्च भएको रकम उपलब्ध गराउन अनुरोध भई आएकोमा वील भरपाई जाँच गरि उक्त रकम जिल्ला विपद् व्यवस्थापन कोष काठमाण्डौबाट त्रि. वि. शिक्षण अस्पताल महाराजगंजलाई नियमानुसार भुक्तानी हुन जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा लेखी पठाउने।

ग. जाजरकोट भूकम्प प्रभावितहरूको लागि चीन सरकारबाट प्राप्त राहत सामग्री कास्की देखि प्रभावित क्षेत्रसम्म ढुवानीका निम्ति भएको खर्च रकम उपलब्ध गराईदिन जिल्ला प्रशासन कार्यालय कास्कीको च.न. ३०३५ मिति २०८०।०८।०८ को पत्रबाट अनुरोध भई आए बमोजिम माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री स्तरीय मिति २०८०।०९।०८ को निर्णय अनुसार विपद् व्यवस्थापन कोषबाट जिल्ला प्रशासन कार्यालय कास्कीलाई उपलब्ध गराईएको रकम रू १२,८०,०००।०० (बाह्र लाख असी हजार रुपैया मात्र) लाई अनुमोदन गर्ने।

प्रस्ताव- विविध

प्रस्ताव नं. १२ :- जाजरकोट भूकम्प प्रभावितहरूको अस्थायी आवास निर्माणका लागि लाभग्राही कायम गर्ने समयसीमा निर्धारण सम्बन्धमा ।

निर्णय नं. १२.:- मिति २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भई गएको भूकम्पबाट प्रभावितहरूको भूकम्प प्रभावित लाभग्राहिहरूको लागि स्थायी आवास निर्माण तर्फ केन्द्रित हुनुपर्ने भएकोले अस्थायी आवास निर्माणका लागि लाभग्राही कायम तथा सम्झौता गर्न मिति २०८१ बैशाख १६ सम्मको समयसीमा तोक्ने ।

प्रस्ताव नं १३ विपद् जोखिम दृष्टिकोणबाट उच्च जोखिममा रहेका विद्यालय, स्वास्थ्य संस्था, स्थानीय तहका भवन तथा पुल गरी काठमाण्डौ उपत्यकाका संलग्न ५७ वटा योजनाहरु सम्वन्धित मन्त्रालयको वजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने।



अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

निर्णय न १३ विपद् जोखिम दृष्टिकोणबाट उच्च जोखिम्मा रहेका काठमाण्डौ उपत्यकाका संलग्न ५७ वटा योजनाहरु (विद्यालय, स्वास्थ्य संस्था, स्थानीय तहका भवन र पुल) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा शहरी विकास मन्त्रालयको वजेट तथा कार्यक्रममा समावेश गरी सम्वन्धित मन्त्रालय मार्फत कार्यान्वयन हुनुपर्ने देखिएकोले उक्त योजनाहरुका सम्वन्धमा सम्वन्धित मन्त्रालयको वजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउन सम्वन्धित मन्त्रालयहरुमा अनुरोध गर्ने र सोको जानकारी अर्थ मन्त्रालयमा पठाउने ।

अनिल पोखरेल
...सचिव
विपद् ... न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति